

**के तपाईंको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ५ गते शुक्रबार ❑ 21 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकीमा एक वर्षमा एक सय ७४ किमी सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
कास्की, ४ साउन

गण्डकी प्रदेशमा एक वर्षको अवधिमा एक सय ७४ किलोमिटर सडक कालोपत्र, १५ वटा सडक पुल र १२ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमार्फत आर्थिक वर्ष २०७९/८० मा चारवटा भवन निर्माण भएका छन् ।



पोखरामा बिहीबार भएको वार्षिक समीक्षा कार्यक्रममा मन्त्रालयअन्तर्गतका पूर्वाधार विकास निर्देशनालय, सहरी विकास तथा भवन र पूर्वाधार विकास कार्यालयका प्रमुखहरूले सडक, सडक पुल, झोलुङ्गे पुल र भवन निर्माणसम्बन्धी आयोजनाको प्रगति विवरण प्रस्तुत गरेका हुन् । पूर्वाधार विकास निर्देशनालयका प्रमुख राम पराजुलीले गत आवमा एक सय ७४ किलोमिटर सडक कालोपत्र, ७८ किलोमिटर ग्राभेल, १५ वटा सडक पुल र १२ वटा झोलुङ्गे पुल निर्माण भएका जानकारी दिनुभयो । "प्रदेश सरकारले छ सय ६८ किलोमिटर सडक कालोपत्र, पाँच सय ९९ किलोमिटर सडक ग्राभेल, ८५ वटा सडक पुल र ६३ वटा झोलुङ्गे पुल निर्माण गरेको छ", उहाँले भन्नुभयो, "नयाँ आवमा थप तीन सय किलोमिटर सडक कालोपत्र, २५ वटा सडक पुल र २० वटा झोलुङ्गे पुल निर्माण गर्ने प्रदेश सरकारको लक्ष्य छ ।"

सहरी विकास तथा भवन कार्यालयका प्रमुख शोभियत खड्काले गत वर्ष बहुउद्देश्यीय/सामुदायिक, गैरआवासीय भवन, निर्मित भवनको संरचनात्मक सुधार, स्याटालाइट सिटी, सहरी पूर्वाधार र अन्य गरी कुल ४३ वटा योजना सञ्चालन गरेकामा ३० वटा सम्पन्न भएका जानकारी दिनुभयो । स्याटालाइट सिटी कार्यक्रममार्फत पर्वतको फलेवास नगरपालिका-२ र ११ को वडा कार्यालय, पोखरामा दुईवटा मन्त्री आवास भवन निर्माण सकिएको बताउनुभयो । महेन्द्रगुफा बृहत् विकास परियोजना, सङ्क्रामक तथा सरुवा रोग अस्पताल र प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण सुरु भएको बताउनुभयो ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले यसपालि रु ३० लाखभन्दा कम बजेटका आयोजना नबनाएको जानकारी गराउँदै व्यक्तिगत र व्यावसायिक स्वार्थका योजनामा बजेट परेको भेटिए कार्यान्वयन नगर्ने घोषणा गर्नुभयो । "अर्को वर्ष रुग्ण आयोजनाको काम सम्पन्न भएको अथवा ठेक्का तोडेको विवरण ल्याउनुहोस्", उहाँले भन्नुभयो, "अन्तरमन्त्रालय समन्वय र नीतिगत समस्या समाधानको नेतृत्व हामीले गर्छौं । बजेट विनियोजन भएका योजना समयमै कार्यान्वयन गर्न साउनको दोस्रो साताभित्र समयतालिका बनाएर काम गर्नुहोस् ।" गण्डकी प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले आयोजनाको वातावरणीय असर न्यूनीकरण गर्ने योजना कार्यान्वयनका लागि निर्देशिका बनाउन र समस्याग्रस्त आयोजना पहिचान गरेर सहजीकरणको पहल गर्न आग्रह गर्नुभयो । उहाँले आवश्यकता र उपयोगिताका आधारमा योजना छनोट गर्ने विधि बसाल्नुपर्ने बताउनुभयो ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव तुलसीराम भट्टराईले गत वर्ष समग्रमा मन्त्रालयले ५७ प्रतिशत बजेट खर्च गरेको बताउनुभयो । "गत वर्षदेखि निर्माण भएका सडकको दिगो प्रयोग र मर्मतसम्भारका लागि हेरालु राख्न थालिएको छ", उहाँले भन्नुभयो, "यो वर्ष रुग्ण भएका आयोजनालाई पूर्णता दिन र दीर्घकालीन महत्त्वका बहुवर्षीय योजना कार्यान्वयनमा केन्द्रित भएका छौं ।" आर्थिक मामिला मन्त्रालयका सचिव विष्णुप्रसाद शर्माले समग्र प्रदेशको करिब ४० प्रतिशत बजेट कार्यान्वयन गर्ने भौतिक मन्त्रालयको प्रगति प्रदेश सरकारको उपलब्धिसँग जोडिने भएकाले बजेट विनियोजन भएका योजनाको समयमै कार्यान्वयनका लागि कर्मचारीले व्यावसायिक र जिम्मेवार भएर काम गर्नुपर्ने बताउनुभयो । "गत वर्ष चुनाव, तीनपटक सरकार र मन्त्रालयको नेतृत्व परिवर्तन हुनु तथा अस्वस्थ प्रतिस्पर्धा गरेर आयोजनाको ठेक्का पारेका निर्माण व्यवसायी व्यावसायिक नहुनुजस्ता कारणले अपेक्षाकृत बजेट कार्यान्वयन हुन सकेन्", उहाँले भन्नुभयो, "जनशक्ति अभावको समस्या समाधानका लागि प्रदेश लोकसेवा आयोगसँग समन्वय गरेका छौं । समयमै काम हुने वातावरण बनाउनुहोस् ।"

कार्यक्रममा पूर्वाधार विकास कार्यालयका प्रमुखहरूले दरबन्दीअनुसारका जनशक्तिको कमी, भएका जनशक्ति पनि अधिकांश करारका हुनु, टुक्रे योजना धेरै हुनु, ठूला आयोजनामा पर्याप्त बजेट नहुनुजस्ता समस्याका विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउनुभएको थियो ।

## पार्टीको सदस्य संख्या घटेको छैन : एमाले

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

नेकपा (एमाले)ले पार्टीमा रहेका सङ्गठित सदस्यहरुको सङ्ख्या नघटेको दाबी गरेको छ। एमालेका सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले बिहीबार विज्ञप्ति गर्दै एमालेको सदस्य सङ्ख्या नघटेको दाबी गर्नुभएको हो ।

"नेकपा (एमाले) को सदस्य घटे भन्ने बजार हल्लामा कुनै सत्यता छैन", उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "सच्चा पार्टी सदस्यको अभिलेख अद्यावधिक गर्नेक्रममा यसपटक नवीकरण मात्रै भएको छैन, उल्लेख्य सङ्ख्यामा नयाँ कमरेडहरू सदस्यताको प्रक्रियामा आएका पनि छन् ।"

उहाँले प्रत्येक वडामा मतदाता सङ्ख्याको कम्तीमा तीन प्रतिशत सदस्य पुऱ्याउने र पार्टीको एघारौं महाधिवेशनसम्ममा १० लाख गुणस्तरीय सदस्य पुऱ्याउने लक्ष्य रहेको उल्लेख गर्नुभएको छ ।

एमालेले दशौं महाधिवेशनका बेला रहेको त्रुटिलाई पनि सच्याउने क्रममा अहिले वास्तविक पार्टी सदस्य सङ्ख्या रहेको स्पष्ट पार्नुभयो । एमालेले महाधिवेशनको आयोजना नभएको समयमा अहिले सक्रिय सदस्यको यथार्थ सङ्ख्या र योग्यतम सदस्यको मात्र नवीकरण गरिएको उहाँले बताउनुभएको छ । "दशौं महाधिवेशनमा कायम भएका सदस्यमा एकातिर एकीकृत समाजवादीतर्फ गएका सबै सदस्यको नाम यथावत् कायम थियो भने अर्कोतिर नेकपाकालमा अनुचित ढङ्गले दिइएका सदस्यको ठूलो सङ्ख्या पनि त्यसमा पर्न गएको थियो । तसर्थ, त्यो एमालेको वास्तविक सदस्य सङ्ख्या थिएन", उहाँले भन्नुभएको छ, "यो कुरा नवौं महाधिवेशनको आँकडा हेर्दा पनि स्पष्ट हुन्छ । विसं २०७१ मा सम्पन्न भएको नवौं महाधिवेशनमा दुई लाख ५६ हजार सात सय ७२ जना मात्रै पार्टी सदस्य थिए ।" सङ्गठन विभाग प्रमुख अधिकारीले एमालेले यसअघि महाधिवेशनदेखि महाधिवेशनमा मात्रै सदस्यको सदस्यता नवीकरण हुने गरेको र जसले गर्दा निष्क्रिय सदस्यले पनि नवीकरण गर्ने अवसर पाउने गरेको उल्लेख गर्नुभएको छ ।

"नेतृत्वका आकाङ्क्षीबाट कतिपय अवस्थामा अन्य भोटर सदस्यको शुल्क तिरिने, दबाब दिएर कमिटीमा निर्णय गराइनेजस्ता अनियमित कामका कारण अनुचित ढङ्गले पनि सङ्ख्या बढ्न पुग्थ्यो । एमालेको इतिहासमा यसपटक त्यसमा क्रमभङ्ग गरिएको छ", उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ ।

## पोउवा संघको हङकङका लागि मानार्थ प्रतिनिधिमा अरुणा गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

पोखरा उद्योग वाणिज्य संघले अरुणा गुरुङलाई आफ्नो मानार्थ हङकङ प्रतिनिधि नियुक्त गरेको छ ।



अध्यक्ष पवनकुमार प्रजापतिले संघको निर्णय अनुसार एनआरएन हङकङकी सल्लाहकारसमेत रहेकी गुरुङलाई प्रतिनिधिको जिम्मेवारी प्रदान गरेका हुन् । अध्यक्ष प्रजापतिका अनुसार अब अरुणाले नेपाल च्याम्बर अफ कमर्स हङकङ तथा अन्य च्याम्बरले आयोजना गर्ने कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधित्व गर्नेछन् । भगिनी सम्बन्ध कायम रहेको नेपाल च्याम्बर अफ कमर्ससँग सहकार्य गर्न अरुणाले विशेष भूमिका निर्वाह गर्ने अध्यक्ष प्रजापतिले जनाए । यसअघि अध्यक्ष प्रजापतिसहितको प्रतिनिधिमण्डलले नेपाल च्याम्बर अफ कमर्स हङकङको १५ औं वार्षिकोत्सवमा विशेष अतिथिको रुपमा सहभागिता जनाएका थिए ।

सो अवसरमा आपसी सहयोग आदान प्रदानसम्बन्धी सम्झौतामा पनि हस्ताक्षर भएको थियो ।

## करेसाबारीबारे 'करेसा कन्सर्ट' तयार

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

पोखरा थिएटरका विद्यार्थीले करेसाबारीबारे जानकारी दिन 'करेसा कन्सर्ट' नाटक तयार पारेका छन् ।

करेसाबारीमा फल्ने फर्सी, प्याज, गोलभैँडा, लसुन, साग, करेला, अदुवा, लौका, धनियाँ, काँक्रो, मुला, खुर्सानी, बेसारलगायतको विशेषताबारे उक्त नाटकका माध्यमबाट बुझाउन खोजिएको छ ।



नाटकमा फर्सीबहादुरको रुपमा रमेशबाबु तिमल्सिना, प्याजीमाया बनेर अञ्जु दाहाल, गोलभैँडाको भूमिका रोशनी रामदामले, लसुन बनेर दिपसना विश्वकर्मा, साग बनेर अनुसा परियार र करेली बनेर रञ्जु दाहालले अभिनय गरेका छन् ।

त्यस्तै अदुवा बनेर समीर पुन, लौका बनेर नम्रता ढकाल, धनियाँ बनेर पूर्णिमा अर्याल, काँकरी बनेर सोनिया कार्की खत्री, मुलाबाबु बनेर रायन गुरुङ, भाले बनेर रोहित पौडेल र चिल्ली बनेर धनकाजी श्रेष्ठले अभिनय गरेका छन् । गन्धर्व नाटक घरको स्टेजमा सुन्दर करेसावारी निर्माण गरिएको छ ।

केदार श्रेष्ठद्वारा लिखित उक्त नाटक अञ्जु दाहालको निर्देशनमा तयार पारिएको हो । लेखक श्रेष्ठले नाटक बालबालिकालाई लक्षित गरेर तयार गरेको बताउनुभयो । निर्देशक दाहालले विद्यार्थीलाई करेसाबारीबारे जान्न बुझ्न नाटक महत्वपूर्ण हुने बताउनुभयो । 'बुकिङ सो' मार्फत पोखराका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई देखाइएको उक्त नाटक आमदर्शकलाई लक्षित गरेर 'पब्लिक सो'मार्फत पोखरा थिएटरको गन्धर्व नाटकघरमा शनिबार दिउँसो १ बजे मञ्चन गरिने भएको छ ।

पोखरा थिएटरका अध्यक्ष परिवर्तनले नाटक मन्टेश्वरीदेखि पाँच कक्षासम्मका विद्यार्थीलाई लक्षित गरिएको भए पनि अभिभावक, शिक्षक र नाटकप्रेमीका लागि समेत उत्तिकै महत्वपूर्ण रहेकाले पब्लिक सोको रुपमा मञ्चन गर्न लागिएको जानकारी दिनुभयो ।

करिब एक घण्टा १० मिनेट अवधिको उक्त नाटकमा सङ्गीत संयोजक कमल केसी, मञ्च सजावटको काम अमृत परियार र प्रकाश परिचालनको काम मिलन श्रेष्ठले गर्नुभएको छ ।

## सुन तस्करी प्रकरणमा थप तीन पक्राउ

**रासस**
काठमाडौं, ५ साउन

राजस्व अनुसन्धान विभागले झण्डै एक सय किलो सुन तस्करीमा संलग्न रहेको भन्दै थप तीन जना कार्गो कम्पनी सञ्चालकलाई पक्राउ गरेको छ ।

जसको नाममा सुन आएको थियो त्यही कम्पनीको सामान यसअघि पनि ल्याउने र लैजाने कार्यमा सक्रिय रहेको देखिएपछि उनीहरूलाई पक्राउ गरिएको विभागका महानिर्देशक नवराज ढुङ्गानाले बताउनुभयो ।

साँझ पक्राउ गरिएका तीनै कार्गो तथा कुरियर सेवा दिने कम्पनीका सञ्चालकहरूको नाम भने विभागले सार्वजनिक गरेको छैन । उहाँका अनुसार बिहीबार साँझ पक्राउ परेका तीनसहित अहिलेसम्म उक्त सुन प्रकरणमा १० जना पक्राउ परेका छन् ।

त्यसमध्ये छ जनालाई बिहीबारै उच्च अदालत पाटनबाट १० दिनको म्याद लिएर अनुसन्धान थालिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# डेढ अर्ब बचत हिनामिना प्रकरणमा सञ्चालक र कर्मचारीलाई कारागार चलान

**पोखरापत्र संवाददाता**
गलकोट, ४ साउन

बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा पक्राउ परेका इमेज बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक र कर्मचारीलाई अदालतले थुनामा राख्न आदेश दिएको छ।

जिल्ला न्यायाधीश डा दिवाकर भट्टको इजलासले आज सहकारीका सञ्चालक चित्रबहादुर भण्डारी, प्रबन्धक शक्ति किसान र कर्मचारी लालमती रोकालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो। सहकारीले रु एक अर्ब ५१ करोड हिनामिना गरेको भन्दै एक हजार चार सय ८१ जना बचतकर्ताले रु एक अर्ब ३० करोड बिगो दाबी गरेर सहकारीका कर्मचारी र सञ्चालक गरी ११ जनाविरुद्ध अदालतमा ठगीको मुद्दा दर्ता गरेका थिए। सहकारीमा संस्थागत खाता रहेका प्रभा माध्यमिक विद्यालय निसीखोला, पौदिटार आधारभूत विद्यालय बडिगाड, युनियन लाइफ क्लब बागलुङ, दुदिलाभाटी स्वास्थ्यचौकी गलकोट, भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था बागलुङ, कालिका सहकारी संस्था बागलुङ, गलकोट बहुउद्देश्यीय सहकारी संस्था बागलुङ, दुदिलाभाटी इङ्लिस बोर्डिङ स्कुल गलकोट, सेयर सदस्य बागलुङ नगरपालिका-३ निवासी लालचन्द्र राजभण्डारी, मुकेशचन्द्र राजभण्डारी, राजकपुर श्रेष्ठ, लोकेन्द्र केसी, टङ्कप्रसाद पन्त, भीमसेनप्रसाद श्रेष्ठ, बानपा-२ निवासी मनोविज्ञान श्रेष्ठ, दयाराम पौडेल, सञ्जु प्रधान पालिखे, लेखबहादुर खड्का, दिलप्रसाद कँडेल, बानपा-८ निवासी लक्ष्मी जिसी कार्की, बानपा-४ निवासी आत्माराम पौडेल, बानपा-७ निवासी मीनबहादुर कार्की, बानपा-१ निवासी दुर्गाबहादुर कुँवर, कुश्मा नगरपालिका-१ का हिरामणि उपाध्याय, गलकोट नगरपालिका-३ निवासी मञ्जु शर्मा चालिसेसहित एक हजार चार सय ८१ जना बचतकर्ताले अदालतमा असार २५ गते ठगीको मुद्दा दर्ता गराएका थिए।

बचतकर्ताको उजुरीपछि प्रहरीले सञ्चालक भण्डारीलाई जेठ ३२ गते बुर्तिबाङ बजारबाट र कर्मचारी रोकालाई असार १ गते ताराखोलाबाट पक्राउ गरेको थियो भने असार ११ गते इमेज बचत तथा ऋण सहकारी बागलुङका प्रबन्धक किसानलाई पक्राउ गरेको थियो।

सहकारीका अध्यक्ष तथा ढोरपाटन नगरपालिकाका नगरप्रमुखढोरपाटननगरपालिका-१बुर्तिबाङ निवासी देवकुमार नेपाली, गलकोट नगरपालिका-११ निवासी रुपा विक, ढोरपाटन नगरपालिका-१ निवासी डोरबहादुर परियार, ढोरपाटन-१ निवासी सुनिल नेपाली, सोही ठाउँका अनिल नेपाली, बडिगाड गाउँपालिका-२ बोहोरागाउँ निवासी झकबहादुर साही र निसीखोला गाउँपालिका-१ निवासी अनिता बुढामगरको खोजीकार्य भइरहेको छ। सहकारीका सञ्चालक र कर्मचारीलाई आठदेखि १० वर्ष कैद सजायको माग गरेर मुद्दा दर्ता गराएको जिल्ला न्यायाधिवक्ता स्वतन्त्र न्यौपानेले जानकारी दिनुभयो। बचतकर्ताको अर्बौं रकम हिनामिना गरेर सहकारीका संस्थापक अध्यक्षसमेत रहेका ढोरपाटन नगरपालिका नगरप्रमुख नेपाली डेढ महिनादेखि बेपत्ता छन्। नेपाली बेपत्ता भएपछि बचतकर्ता चरणबद्ध आन्दोलनमा छन्। उनीहरूले जिल्लाका राजनीतिक दल र विभिन्न सरोकारवाला निकायसँग आफ्नो रकम फिर्ता गर्नका लागि सहजीकरण गरिदिनुहुन आग्रह गरेको पीडित तथा सङ्घर्ष समितिका संयोजक डिलबहादुर कार्कीले बताउनुभयो।

# जनप्रकाश बहुमुखी क्याम्पसमा बिपत व्यवस्थापन सचेतना कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन



पोखरा महानगरपालीका वडा नं. २९ भण्डारढीकमा अवस्थीत सामुदायीक क्याम्पस जनप्रकाश बहुमुखी क्याम्पसमा विपद व्यवस्थापन सचेतना कार्यक्रम आज श्रावण ४ गते बिहीबार सम्पन्न भयो ।

जनप्रकाश बहुमुखी क्याम्पसको आयोजना, सशस्त्र प्रहरी बल नम्वर २४ बटालीयन हेडक्वाटर कालीका कास्कीको प्राविधिक सहयोग र ग्लोवल आई.एम.ई. बैंकको आर्थीक सहयोगमा उक्त कार्यक्रम सन्चालन भएको थियो । जनप्रकाश बहुमुखी क्याम्पस ल्भ्ज्भ्ए ग्लष्त कोअडिनेटर एवंम अनुसन्धान विभाग प्रमुख युवराज आमिछानेको अध्यक्षतामा संचालित उक्त कार्यक्रम सशस्त्र प्रहरी बल कालिका गणका गणपति धन बहादुर बानियाको प्रमुख आतिथ्यतामा संचालन भएको थियो । जनप्रकाश बहुमुखी क्याम्पसमा अध्यनरत विद्यार्थी, प्रध्यापक, कर्मचारी एवंम स्थानीय जनसमुदायहरुलाई विपतको बेलामा हुन सक्ने मानविय क्षति लाई न्युनिकरण गर्ने उद्धेश्यले संचालीत उक्त कार्यक्रममा जनप्रकाश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ऋषिराम बुढाथोकीले स्वागत मन्तव्य राख्नुभएको थियो भने संचालक समितिको तर्फबाट पुर्व संचालक समितिका अध्यक्ष कृष्णहरी भण्डारीले शुभकामना मन्तब्य राख्नुभएको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथि कालीका गणका गणपति धन बहादुर बानियले विपदको बेला हुन सक्ने क्षति न्युनिकरण गर्न आजको कार्यक्रम प्रभावकारी हुने बताय साथै आजको कार्यक्रम बाट सिकेका कुरा व्यवाहारमा लागु गर्न सम्पुण सहभागिलाई आग्रह गरे। जनप्रकाश बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख अर्जुन ओझाले संचालन गरेको कार्यक्रममा सशस्त्र प्रहरी बल कालीका गणका इनिस्पेक्टर उमेश ढकाल लगाएत अन्य प्रबिधिकहरुले सहजीकरण गरेका थिए । सो कार्यक्रमलाई दुई चरणमा बिभाजनगरी सम्पन्न भएको थियो । पहिलो चरण क्याम्पसकृ सभाहल र प्राङ्गणमा गरिएको थियो भने दोस्रो चरण पोखरा-३१ बेगनासताल स्थित मन्धरेपार्कमा सम्पन्न भएको थियो।

बेगनासतालमा भएको सचेतना कार्यक्रममा डुङ्गा ब्यबसायी समितिका अध्यक्ष श्री रबि प्रसाद कडेल, पोखरा महानगरपालिका वडानं ३१ का कार्यबाहक अध्यक्ष श्री महेन्द्र प्रसाद अधिकारी ले पनि बोल्नुभएको थियो।

# सुन...

छ। दिउँसो पक्राउ परेका चिनियाँ नागरिकसहित चार जनालाई भने भोलि म्याद थप गरिने जनाइएको छ। आज दिउँसो पक्राउ परेकामा चिनियाँ नागरिक जेयुङ लिन रहेका छन्। चीन जान लागेका बेला उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको थियो। बुधबारै पक्राउ परेकामा सुन ओसारपसारमा संलग्न गराइएको ट्याक्सीका चालक अशोक रानामगर, भन्सार एजेन्ट राजेन्द्रकुमार राई, रेडी ट्रेड प्रालिका सञ्चालक दिलीप भुजेल, सहयोगीहरू हर्कराज राई, थुक्पिन छिरिङ र रामकुमार भुजेल रहेका छन्। भन्सार पास भएर बाहिरिन लाग्दा विभागको टोलीले बुधबार राति हङ्कङबाट ल्याइएको झण्डै १०० किलो सुन बरामद गरेको थियो।

# डेङ्गु सङ्क्रमण भदौ र असोजमा उच्च हुने

**रासस**
काठमाडौं, ४ साउन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गु सङ्क्रमण भदौ र असोज महिनामा उच्च हुने प्रक्षेपण गरेको छ।

एक वर्षको डेङ्गु रोकथाम तथा नियन्त्रण कार्ययोजनामा डेङ्गु सङ्क्रमण असारदेखि बढ्दै गई भदौ र असोज महिनामा उच्च हुने प्रक्षेपण गरिएको इमिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले जानकारी दिनुभयो। उहाँका अनुसार असोजपछि भने डेङ्गु सङ्क्रमण क्रमशः कम हुँदै जाने छ। उहाँले वर्षायाम सुरु भएसँगै असारको अन्तिम सातादेखि सङक्रमण ह्वात्तै बढेको बताउनुभयो। गत वर्ष पनि वैशाखदेखि नै सङ्क्रमण देखिन थालेको र भदौदेखि कात्तिकसम्म उच्च सङ्क्रमण भई देशभरिका ७७ जिल्लामा फैलिएको थियो।

"बर्खायाम सुरु भएसँगै पानी पर्न थालेपछि सङ्क्रमण बढ्दै गएको छ", उहाँले भन्नुभयो, "निरन्तरको वर्षा र पानीले सङ्क्रमण अझै बढ्ने जोखिम छ।" पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ। महाशाखाका अनुसार यही असार २७ गते एक हजार तीन सय ३७ सङ्क्रमण भएकामा साउन १ गतेसम्म आइपुग्दा सङ्ख्या बढेर दुई हजार नौ सय ३० पुगेको छ। महाशाखाका निर्देशक डा मरासिनीले कार्ययोजनाअनुसार डेङ्गु रोकथाम र नियन्त्रणका लागि सङ्घ, प्रदेश र स्थानीय तहको सरकारका साथै अस्पतालहरूलाई निर्देशन दिइसकेको जानकारी दिनुभयो। कार्ययोजनाअनुसार लामखुट्टे नियन्त्रणका लागि भौतिक पूर्वाधार, खानेपानी तथा ढल व्यवस्थापन, सहरी विकास, शिक्षा र सञ्चार निकायसँग समन्वय गरिने छ। यस्तै लामखुट्टेको लार्भा खोज तथा नष्ट गर्ने अभियान र जनस्तरसम्म डेङ्गु रोग रोकथाम तथा नियन्त्रणका लागि सचेतना अभियान सञ्चालन गर्ने कार्ययोजनामा उल्लेख छ। वर्षायामसँगै डेङ्गु रोग सार्ने लामखुट्टेको वृद्धि विकास हुने स्थान प्रचुर मात्रामा हुने हुँदा बहुपक्षीय समन्वय र सहकार्यबिना लामखुट्टे नियन्त्रण गर्न कठिन हुने, डेङ्गु पहिचानका लागि आवश्यक डेङ्गु किटको अभाव, लामखुट्टेको निगरानी गर्न इन्टोमोलोविष्ट तथा आर्थिक स्रोतको अभाव, स्वास्थ्य मन्त्रालयबाहेक अन्य सरोकारवाला मन्त्रालयको भूमिकालाई पैरवी हुन नसकेको उल्लेख गरिएको छ।

# निर्वाचन व्यवस्थापनको अधिकार स्थानीय तहलाई : प्रमुख आयुक्त थपलिया

**रासस**
काठमाडौं, ४ साउन

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले स्थानीय तहलाई मतदाता नामावली संकलन, अद्यावधिक, मतदानस्थल निर्धारण, केन्द्र व्यवस्थापन, मतदाता शिक्षा प्रदान गर्ने कार्य एवं निर्वाचन सामग्री व्यवस्थापनलगायतका अधिकार प्रत्यायोजन गर्ने तयारी भइरहेको बताउनुभएको छ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरले बिहीबार आयोजना गरेको 'निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्य' विषयक कार्यक्रममा निर्वाचन आयोग ऐन, २०७३ संशोधन गरी यस्तो व्यवस्था गर्ने तयारी गरिरहेको बताउनुभयो।

स्थानीय तहको सहमतिमा मात्र यो ऐन संशोधन गरी मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य, मतदानस्थल र केन्द्र व्यवस्थापन, निर्वाचन र मतदाता शिक्षा प्रदान गर्ने कार्य तथा निर्वाचन सामग्री व्यवस्थापनबारे स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्न सकिने उहाँले बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मतदाता नामावली सङ्कलन र मतदानस्थल व्यवस्थापनलगायतको अधिकार स्थानीय तहलाई दिनु स्वागतयोग्य रहेको बताउनुभयो। मतदान केन्द्रमा मतगणना गर्ने विषय सुरक्षाका दृष्टिकोणले पनि जटिल भएको बताउँदै उहाँले विदेशीलाई मतदान गर्ने अधिकार दिनेजस्ता गम्भीर विषयमा राजनीतिक तह नै स्पष्ट हुनुपर्ने प्रमुख प्रजापतिले बताउनुभयो।

सूर्यविनायक नपाका उपप्रमुख सरिता तिमल्सिना भट्टराईले बसाइँसराइ भएका र नभएका मतदाताको मतदाता नामावलीमा नाम समावेश गर्नेबारे भएको अन्योललाई आयोगले स्पष्ट पार्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागी रहनुभएका स्थानीय तहका जनप्रतिनिधि एवं राजनीतिक दलका प्रतिनिधिले निर्वाचनसम्बन्धी अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्नु स्वागतयोग्य भएको भन्दै यसका लागि अझै व्यापक छलफल गर्नुपर्ने बताउनुभयो। निर्वाचन व्यवस्थापनसम्बन्धी कार्य स्थानीय तहबाट सम्पादन गर्नका लागि हरेक स्थानीय तहमा रहेको निर्वाचन एकाइमार्फत आवश्यक जनशक्ति खटाउने र स्रोत साधन व्यवस्थापन गरी सेवा आरम्भ गर्नेबारेमा सबै सहभागी सहमत बनेका छन्।


## डेंगीबाट बच्ने उपायहरू

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

**सम्पादकीय**

# सेनाबारेको अस्वभाविक वहस

संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभामा नेपाली सेनाको संख्या र कामका बारेमा वहस भएको छाखर्च कटौतीको लागि सेनाको संख्या घटाउने विचार राख्दा सेनालाई केवल राष्ट्रिय बजेटको लगानी र खर्चका दृष्टिले मात्र हेरेको पाइन्छ । दुई ठूला छिमेकी मुलुक भारत र चीनको बीचमा रहेको नेपालमा सेनाको बारेमा अहिले वहस गर्नुपर्ने बेला होईन । नेपाली सेनाले भारत वा चीनसँग सीमा युद्ध नलडे पनि आफ्ना देशका नागरिकको सुरक्षा, युद्धमा प्रयोग हुनबाट नेपाली भूमिको संरक्षण र द्वन्द्व र सामरिक प्रतिस्पर्धाका कारण उत्पन्न हुने विषम परिस्थिति व्यवस्थापन गर्ने जिम्मेवारी लिन जरुरी हुन्छ । त्यस बखत हामीलाई कत्रो र कस्तो सेना चाहिन सक्छ भन्न सकिएला । २० लाखभन्दा बढी सेना भएको चीन र १४ लाखभन्दा बढी सेना भएको भारत बीच रहेको नेपालका लागि कत्रो सेना चाहिएला, संख्याले तय गर्न सकिँदैन । हाल रहेको ९६ हजार सेना बङ्गलादेशको १ लाख ६३ हजार र श्रीलङ्काको २ लाख ५५ हजारभन्दा निकै नै कम हो भन्दा तथ्यमा फरक मत नआउन सक्छ । तर ९६ हजार सेना किन भन्ने प्रश्न पनि गर्न सकिन्छ, यदि ९६ हजार सेनालाई पर्याप्त प्रशिक्षण, आत्मबल, उपयुक्त हतियार र सही परिचालनका रणनीति छैनन् भने । त्यसैले कत्रो सेनाभन्दा पनि कस्तो सेना, कसरी सेनाको सबलीकरण र आधुनिकीकरण महत्त्वपूर्ण सवाल हो ।

सेनामा हुने लगानीलाई प्रश्न गर्ने गरिन्छ । स्वाभाविक हो, हतियार किन्ने पैसा विद्यालय बनाउन, स्वास्थ्य चौकी बनाउन वा कृषि उत्पादनमा अनुदान दिन सकिन्छ । तर कतिसम्म लगानी ठिक हो भन्ने उत्तर कसैसँग छैन । त्यसैले प्रत्येक देशको आर्थिक परिवेश, सेना परिचालनको रणनीति योजना र क्षेत्रका आधारमा सेनामा हुने लगानीलाई विश्लेषण गर्न जरुरी हुन्छ । औसत रूपमा प्रत्येक देशले कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशत सैन्य व्यवस्थापनमा लगानी गरेको सन् २०२३ को तथ्याङ्क छ । नेपालको औसत वार्षिक लगानी ४३ अर्ब रहेको तथ्याङ्कले देखाउँछ अर्थात् कुल बजेटमा सैन्य क्षेत्रको लगानी कुल बजेटको करिब २.६८ प्रतिशत मात्र हुन आउँछ । यस अर्थमा भूराजनीतिक दृष्टिले महत्त्वपूर्ण र संवेदनशील राष्ट्र, विकासशील राष्ट्र तथा विश्व शान्तिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने राष्ट्रको लागि यो लगानी आवश्यकताभन्दा कम हो पनि भन्न सकिन्छ । तर, शिक्षा स्वास्थ्य र आधारभूत विकासका क्षेत्रमा लगानी कटौती गरी सैन्य क्षेत्रमा लगानी बढाउन भने उपयुक्त उपाय होइन ।

नेपालमा सेनाको संलग्नतामाथि उल्लेख गरिएजस्तै युद्ध वा सीमा सुरक्षामा भन्दा पनि विशेष गरी विश्व शान्तिका क्षेत्रमा, मानवीय सहायताका क्षेत्रमा, विपद् व्यवस्थापनमा, पूर्वाधार विकासका क्षेत्रमा बढी भएको पाइन्छ । यस अर्थमा नेपाली सेनामा भएको लगानी अमेरिकी, पश्चिमा मुलुकहरू वा अन्य सैन्य शक्ति राष्ट्रहरूले गरे जस्तो विशुद्ध सैन्य लगानी मात्र पनि हैन । नेपाली सेनाभित्र पनि विकासका क्षेत्रमा लगानीका कार्यहरू भएकाले विकास क्षेत्रको लगानी कटौती गर्ने हो भने सैन्य क्षेत्रमा भएको लगानीमाथि भनिएको २.६८ प्रतिशतभन्दा अझ कम पनि हुन सक्छ । नेपाली सेनामाथि बौद्धिक समूहबाट व्यक्त हुने केही असन्तुष्टिहरू पनि छन् । विशेष गरी सेनाले सैनिक कल्याणकारी कोषबाट सञ्चालन गरेका आय आर्जनका कार्यक्रमहरू, पूर्वाधार विकासका कामहरूमा ठेक्का लिने कुरा र बेलाबखत सेनाको व्यावसायिक लगानीका विषयले नेपाली सेना शान्ति, सुरक्षा र मानवीय सहायताको मूलधार र विशेष गरी सैन्य चरित्र र संहिताबाट आर्थिक लाभ हानीको हिसाब किताबमा फस्ने हो कि भन्ने नागरिक समुदायको चिन्ता रहेको छ । सेनाका केही उच्च पदस्थ अधिकृतहरू अनधिकृत व्यापार व्यवसायमा संलग्न हुने, जग्गा खरिद बिक्रीमा लाग्ने र बेलाबखत सेनाको खरिद प्रणालीमा देखिएका समस्याहरूले नेपाली सेनामाथि प्रश्न उठ्ने गरेको छ ।

द्वन्द्वकालीन समयमा भएका अमानवीय यातना र बेपत्ता पारिएका घट्नाहरुमा सेनाको स्पष्ट धारणा र व्यवहार नआउँदा र कतिपय अवस्था प्रचलित नागरिक कानुनहरूको सेनाका अधिकृतहरूबाट उल्लङ्घन हुँदा सिङ्गो नेपाली सेनाप्रति प्रश्न उठ्ने गरेको छ । लोकतन्त्रको सर्वोच्च जनप्रतिनिधिमूलक संस्था संसद्ले सेनाका पदाधिकारी, रक्षा मन्त्रालयका विषयमा तथ्यसंगत ढङ्गले रचनात्मक बहस र संवादहरू गर्न सक्छ र गर्न जरुरी पनि छ । तर पत्रिकामा समाचार छापिएकै भरमा त्यसैले मुख्य आधार मान्दै रोष्ट्रमबाटै नेपाली सेनाको विश्वसनीयता, भूमिका र इमानदारितामाथि प्रश्न उठाउँदा, विगतमा हाम्रै छिमेकी कूटनीतिज्ञले हैटीमा फैलिएको हैजामा नेपाली सेनालाई दोषारोपित गर्दै, नेपालको राष्ट्रियता र विश्व प्रतिष्ठामा दाग लगाउन गरेका प्रयत्नहरूलाई सहयोग पुगेको हुनेछ । यसले राष्ट्रिय हित कतै गर्दैन । जो पात्र वा प्रबृतिबाट भएको नेपाली सेनामाथिको बहस अस्वाभाविक र अनपेक्षित मात्र नभई षड्यन्त्रको हिस्सा पनि हो की शङ्का गर्ने पर्याप्त स्थान रहन्छ ।

# नगरसभा नहुँदा कुश्मामा राजस्वमा प्रभाव

**पोखरापत्र संवाददाता**
पर्वत, ४ साउन

जनप्रतिनिधिबीचको विवादका कारण नगरसभा हुन नसक्दा कुश्मा नगरपालिकामा राजस्व सङ्कलन ठप्प बनेको छ । नगरपालिकामा यही साउन १ गतेदेखि नै राजस्व सङ्कलन रोकिएको हो ।

नगरसभाले आगामी आर्थिक वर्षका लागि राजस्वको दररेट निर्धारण गरी पारित गर्नुपर्ने भए पनि नगरसभा नै हुन नसकेपछि यही साउन १ गतेदेखि नै कुनै पनि कर सङ्कलन नभएको प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले जानकारी दिनुभयो ।

कर सङ्कलन नहुँदा घर जग्गाको तिरो तिर्ने, नक्सा पास, सिफारिसलगायतका काम रोकिएका छन् भने नागरिकतालगायतका वडा तहबाट हुने सिफारिस मात्र भएका छन् । साउन १ गतेदेखि सबै सेवा विनारसिद प्रदान गरिएको कुश्मा -१२ ठूलीपोखरीका वडाध्यक्ष झलक रिमालले जानकारी दिनुभयो । नागरिकता, घटना दर्ता, नाता प्रमाणितलगायतका सिफारिस निःशुल्क गरिएको भए पनि करसम्बन्धी सेवा भने ठप्प छन् । गत असार १० गतेभित्रै नगरसभा गर्नुपर्ने र त्यसबाट आगामी आर्थिक वर्षका लागि राजस्व सङ्कलनसम्बन्धी आर्थिक विधेयक पारित गर्नुपर्ने भए पनि कुश्मा नगरपालिकामा नगरसभा नभएका कारण राजस्व सङ्कलनको काम ठप्प भएको नगरपालिका राजस्व शाखाका कर्मचारी विक्रम चापागाईंले जानकारी दिनुभयो ।

राजस्व सङ्कलन हुन नसक्दा घर जग्गाको नाक्सा पास, सिफारिस दस्तुर, व्यापारिक कर, व्यक्तिगत घटना दर्ता, बहाल कर, पटके व्यवसाय कर, एकीकृत सम्पत्ति कर आदि सेवा लिएर नगरपालिका जानेहरु रित्तो हात फर्किन बाध्य भएका छन् ।

फलेवास नगरपालिकामा भने पुरानै दररेटअनुसार राजस्व सङ्कलन गरिएको छ । नगरप्रमुख गङ्गाधर तिवारीले सूचना जारी गर्दै नगरसभा सम्पन्न नभए पनि गत आर्थिक वर्षको आर्थिक ऐनबमोजिम कर सङ्कलन गर्न निर्देशन दिनुभएको छ । आर्थिक वर्ष ०८०/८१ का लागि आयव्ययको अनुमान, राजस्व सङ्कलनसम्बन्धी आर्थिक विधेयक गर्नुपर्ने भए पनि नगरसभा हुन नसकेकाले पुरानै दररेटअनुसार सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत ऋषिराम आचार्यले नगर प्रमुखले सूचना जारी गरेर सङ्कलन गर्न आग्रह गरेको जनाउँदै आफू उक्त विषयमा अनविज्ञ रहेको बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ को सुरुआत भइसके पनि पर्वत जिल्लाका दुई पालिकाले अझै पनि नगरसभा गर्न नसकेका हुन् । कुश्मा र फलेवास नगरपालिकाले नयाँ आर्थिक वर्षको सुरुआत भइसक्दा पनि नगरसभा सम्पन्न गर्न सकेका छैनन् । स्थानीय तह सञ्चालन ऐन, २०७४ ले प्रत्येक असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट पेस गरिसक्नुपर्ने प्रावधान राखेको छ । यसरी पेस भएको बजेट, नीति तथा कार्यक्रमलाई १५ दिनभित्र नगरसभाले छलफलसहित पास गर्नुपर्ने हुन्छ । पेस भएको नीति तथा कार्यक्रम र बजेटउपर परिमार्जन गर्नुपरेमा नगरसभाले कार्यपालिकामा पुनः पठाउँछ । कार्यपालिकाले त्यसरी नगरसभाबाट आएको नीति तथा कार्यक्रमलाई परिमार्जन गरी १५ दिनभित्र पारित गर्नुपर्ने प्रावधान छ । समयमा नगरसभा नगर्दा पालिकाको कार्यसम्पादन मूल्याङ्कनको अङ्क घटेको छ ।

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा १३ ले न्यूनतम दररेट निर्धारणको विषय उल्लेख गरेको छ । उक्त दफामा आर्थिक वर्ष सुरु हुने १५ दिनअगावै दररेट निर्धारण गर्नुपर्ने प्रावधान छ । ऐनको दफा ५५ मा उल्लेख गरिएको एकीकृत सम्पत्ति कर र घरजग्गा कर प्रत्येक आर्थिक मसान्तपूर्व नै निर्धारण गर्नुपर्ने थियो, तर पालिकाहरुले यसो गर्न सकेका छैनन् । अधिवक्ता भोलानाथ शर्माले एक आर्थिक वर्षका लागि ल्याएको बजेट अर्को आवका लागि लागू नहुने दाबी गर्नुभयो । कर निर्धारणदेखि बजेटका सबै कामको औचित्य आर्थिक वर्षको अन्त्यसँगै सकिएका कारण नगरसभा नहुँदा कर सङ्कलन कार्य रोकिनुपर्ने बताउनुहुन्छ । कुस्मा नगर प्रमुख रामचन्द्र जोशीले भने पूर्ववतः करका दरकै आधारमा कर सङ्कलन गर्न सकिने बताउनुभयो ।

# जलजलामा बिरामी चितुवाको उद्धार

**पोखरापत्र संवाददाता**
पर्वत, ४ साउन

पर्वतको जलजला गाउँपालिका-८ नाङलीवाङमा बिरामी चितुवाको उद्धार गरिएको छ । बुधबार मालढुङ्गा-बेनी सडक नजिकै फर्सेमा मकैको खेतमा भेटिएको बिरामी चितुवाको डिभिजन वन कार्यालयले उद्धार गरेको हो । करिब डेढ वर्ष उमेरको चितुवा मकै बारीमा सुतेको देखेपछि स्थानीयले डिभिजन वन कार्यालयलाई खबर गरेका थिए । कार्यालय प्रमुख विष्णु अधिकारीका अनुसार पशु कार्यालयको टोलीले अशक्त चितुवाको स्वास्थ्य जाँच गरिरहेको छ । चितुवालाई उपचारपछि उचित वासस्थानमा छाड्ने उहाँले बताउनुभयो ।

पर्वतमा गत आवमा नौ चितुवा मृत फेला परेका थिए । दुई चितुवाको जिवितै उद्धार गरिएको थियो । डिभिजन वन कार्यालयले गत आवमा चितुवाले पुऱ्याएको क्षतिपूर्तिबापत पीडितलाई रु २६ लाख ८६ हजार भुक्तानी गरेको छ ।

# वस्तु विनिमयको परम्परा धान्दै इन्द्रावतीका भाँडा व्यवसायी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ साउन

गत सोमबार बिहानै डोकोभरी अनेक भाँडावर्तन बोकेर तीन व्यापारी म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँट गाउँ आए । सिन्धुपाल्चोकको इन्द्रवती गाउँपालिका-८ घर बताउने तीन व्यापारीमध्ये सबैभन्दाअघि हुनुहुन्थो फूलबहादुर तामाङ । त्यसपछि धादिङ इन्द्रवतीकै केशवकुमार आचार्य र महेन्द्र गुरुङ । उहाँहरुले भाँडाको भारी बोकेर गाउँगाउँमा डुल्न थालेको ४० वर्षभन्दा बढी भएको बताउनुभयो ।

"चौध वर्षको उमेरदेखि भाँडाको भारी बोकेर गाउँ-गाउँमा डुल्न थालेको हुँ, यही पेसाबाट मेरो जिन्दगी चलेको छ, पुर्ख्यौली पेसा पनि धानिएको छ" फूलबहादुरले भन्नुभयो । पर्वतको अर्मादीमा उहाँसहित १२ जनाको समूहले भाँडा स्टोर गरेर राखेका छन् । "हाम्रो १२ जनाको समूह छ,अर्मादीमा भाँडा स्टोर छ,त्यहीबाट भाँडा विक्री र सटही गर्न म्याग्दी,पर्वत र बागलुङका विभिन्न गाउँमा जाने गर्छौं र पुराना भाँडालाई त्यही लगेर जम्मा गर्ने गर्छौं" फूलबहादुरले भन्नुभयो । गाउँमा तीन छोरा र श्रीमती भएका उहाँलाई आफ्ना पुर्खाहरुले कहिलेदेखि घुमन्ते व्यापार गर्न थालेका हुन् भन्ने हेक्का छैन तर पनि बाबुबाजेको पालादेखि नै यही पेसा गर्ने गरेकाले आफू पनि यही पेसामा लागेको फूलबहादुरले बताउनुभयो ।

पहिलो पटक १४ वर्षको उमेरमा बाबासँग भाँडा बोकेर व्यापारमा निस्कनु भएका उहाँ अहिलेसम्म पनि सोही पेसामै हुनुहुन्छ । डोकोमा ल्याइएको नयाँ भाडा सहित गाउँमा लगेर केही बेच्ने र कोही साट्ने सिन्धुपाल्चोकका व्यापारीको पेसा पुस्तैनीको हो । उनीहरुले आफ्नो नयाँ सामान र ग्राहकसँगको पुरानो सामानको पनि मूल्यनिर्धारण गर्ने र बराबर मूल्य परेमा पुरानो लिएर नयाँ सामान दिने गर्दछन् भने यदी नयाँको मूल्य कम भए आफूहरुले दिने र पुरानोको मूल्य कम भए ग्राहकसँग थप रकम लिएर साट्ने गर्दै आएका छन्

व्यापारी गुरुङका अनुसार व्यापार पहिलाको जस्तो छैन, अहिले सामान्य छ । वर्षमा एक पटक पर्वत बागलुङ म्याग्दी क्षेत्रमा व्यापारका लागि आउने गरेका उनीहरूले मासिक सबै खर्च कटाएर रु २० हजारदेखि रु २५ हजारसम्म जोगाउने गरेको बताउँछन् । "यही व्यापार सिकियो र यसैमा रमाएका छौं, हुँदै भएन भने पनि महिनामा रु २० हजार रुपियाँसम्म जोगाउने गरेका छौं" गुरुङले भन्नुभयो ।

आधुनिक प्रविधिको विकास भएसँगै मानिस छिटो र भरपर्दो साधनको प्रयोगमा लाग्न थालेका छन् । आफ्ना आवश्यकता परिपूर्ति गर्न आधुनिक स्रोत र साधनको प्रयोग बढेको छ । सडक यातायातको विकासले गाउँघरमै सुविधा पाएपछि ग्रामीण क्षेत्रका बासिन्दा आफै बजार झरेर नयाँ भाँडा किन्ने गर्छन् ।

केही वर्षअघिसम्म पुराना भाँडा सबैका घर-घरमा देखिन्थे । भाँडा साटफेर गर्नेहरु गाउँ-गाउँमा भाँडा साट्दै हिँड्ने गर्दथे । हिजोआज गाउँघरतिर डोकोमा भाँडा बोकेर हिँडेको बिरलै भेटिन्छ । "धेरै पढाइलेखाइ छैन त्यसैले दुःख भए पनि पुर्खाले गरेको पेसा अङ्गाल्दै आइरहेका छौं,"अर्का व्यापारी केशवकुमारले भन्नुभयो । अहिले यातायातको सुविधा छ, तर भाडा खर्चमा लाग्ने रकम जोगाउन सकिन्छ की भनेर डोकोमा बोकेर जिल्लाका सबै ठाउँमा बिक्री र साटफेर गर्दै हिँड्छौं,"उहाले भन्नुभयो । केही वर्ष अघिसम्म नयाँसँग पुराना भाँडा साट्नका लागि गाउँ-गाउँमा डोकोभरी भाँडा बोकेर हिँडेको पाइन्थ्यो । पूर्वका पश्चिम क्षेत्र र पश्चिमका पूर्वी क्षेत्रतिर भाँडा बोकेर साटफेर गर्न हिँड्ने गर्दथे । तामा, स्टिल र पित्तलका भाँडा बनाउने र बेच्ने व्यावसायी नै भरिया बनेर गाउँघरमा हिँड्ने गर्दथे तर हिजोआज यस्ता व्यापारी कतै भेटिदैनन् । ठाउँ-ठाउँमा भारी बिसाउँदै थकाइ मार्दै वारी गाउँ र पारी गाउँ गर्दै डोकोभरीका नयाँ भाँडा बेचेर पुराना भाँडाले डोको भरेर घर फर्कन्थे ।

प्रायजसो भाँडा साटफेर गर्नेहरु जुम्लातिरबाट आउने गरेको बेनी नगरपालिका-२ बगरफाँटका बद्ध बेदप्रसाद उपाध्यायले बताउनुभयो । गाउँघरमा बुढापाका भाँडा साट्न आउँछन् भनेर पुराना र टुटेका भाँडा सुरक्षित साथ राखिरहन्थे । त्यसबेला आफूलाई भाँडा साट्ने खोज्नपर्ने चिन्ता नभएको उहाँको भनाइ थियो ।

# अपाङ्गता भएकालाई 'ह्वील चियर' सहयोग

**रासस**
तनहुँ, ४ साउन

तनहुँको व्यास नगरपालिका-१ भादगाउँका अपाङ्गता भएकी ७० वर्षीया मिठु विकलाई 'ह्वील चियर' प्राप्त गर्नुभएको छ । यसले हिँड्डुलमा सहायता पुगेको उहाँले बताउनुभयो ।

व्यास नगर उपप्रमुख इन्दिरा दरैले विकलाई ह्वील चियर प्रदान गर्नुभएको थियो । "हामीले पनि स्थानीय सरकार भएको महसुस गर्न पायौँ, हामी जस्ता हिँड्डुल गर्न नै सकस भएका मान्छेलाई सजिलो बनाएको छ" विकले भन्नुभयो । उहाँ जस्तै अपाङ्गता भएका सोही ठाउँका ५२ वर्षीय कृष्णबहादुर रानाभाटले ह्वील चियर नहुँदा हातले टेकेर हिँड्नुपरेको थियो । ह्वील चियर पाएपछि सहज भएको उहाँले बताउनुभयो । "अपाङ्गता भएका संस्थाले मात्रै सहकार्य गरी पठाउने गरेकामा अहिले नगर उपप्रमुख घरमै आएर ह्वील चियर दिँदा असाध्यै खुसी लाग्यो, हाम्रो दुख बुझिदिनुभयो, यही नै हाम्रो खुसी हो", उहाँले भन्नुभयो । नगरपालिकाले हिँड्डुलमा सहज र सहयोग पुऱ्याउने उद्देश्यले सामग्री वितरण गरेको हो । उपप्रमुख दरैले शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिलाई हिँडडुल गर्न असहज भएकाले ह्विल चियर प्रदान गरिएको बताउनुभयो ।

"अपाङ्गता भएका व्यक्तिलाई नगरपालिकाले सहयोग गर्दै आइरहेको छ, अपाङ्गता भएका व्यक्तिलाई सहज रुपमा बाँच्न नगरपालिकाले अपाङ्गमैत्री वातावरण सिर्जना गर्दै आइरहेको छ", उहाँले भन्नुभयो । नगरपालिकाले अपाङ्गता भएका व्यक्ति आवद्ध सङ्घ संस्थासँग समन्वय गरी विभिन्न सामग्री खरिद तथा वितरण गर्दै आएको छ ।

# लम्पी स्किनबाट एक सय ५९ पशु मरे

**रासस**
रसुवा, ४ साउन

रसुवामा लम्पी स्किन रोगका कारण धमाधम पशुचौपाया मर्न थालेका छन् ।

पशुचौपाया मर्न थालेछि यहाँका किसान चिन्तित बनेका छन् । हालसम्म जिल्लामा लम्पी स्किनबाट एक सय ५९ पशुचौपाया मरेका छन् । जिल्लाका पाँचवटै गाउँपालिकाका पशुचौपाया लम्पी स्किन रोग फैलिएको छ ।

सबैभन्दा बढी क्षति गोसाइँकुण्ड गाउँपालिकामा भएको छ । उक्त गाउँपालिकाको स्याफ्रुबेँसीमा कार्यरत पशुसेवा प्राविधिक प्रमुख सुरेश वडालका अनुसार छ वडामा लम्पी स्किनबाट हालसम्म २१ चौरी, एउटा याक र ४१ स्थानीय जातका गाईगोरुको मृत्यु भएको छ । "रोग नियन्त्रणको प्रयास भइरहेको छ, स्वास्थ्यको टोली वडा वडामा खटिएको छ", उहाँले भन्नुभयो । गोसाइँकुण्डभित्र करिब आठ सय पशु लम्पी स्किनबाट सङ्क्रमित छन् । लम्पी स्किनबाट सङ्क्रमित पशुचौपायालाई छुट्टैक्वारेन्टाइनमा राख्नुपर्ने आवश्यकता रहेको बडालको भनाइ छ । हिमाली क्षेत्रको खाली पाखामा पशुचौपाया छोड्ने चलनले रोग बढी फैलिएको उहाँ बताउनुहुन्छ । जिल्लाको नौकुण्ड, कालिका र उत्तरगया गाउँपालिकामा पनि लम्पी स्किन रोगबाट पशुचौपायामा क्षति भएको छ । आमा छोदिङ्मोबाहेक अन्य गाउँपालिकामा झण्डै एक हजार पाँच सय पशुचौपायाको उपचार भइरहेको सम्बन्धित गाउँपालिकाका प्राविधिकले जानकारी दिएका छन् ।

कालिका गाउँपालिकाका पशुसेवा शाखाका प्रमुख बुद्धिनाथ न्यौपानेले दक्षिणी रसुवाकाका पालिकका पशुचौपायामा लागेको लम्पी स्किन रोग नियन्त्रणका लागि प्राविधिक समूह खटिएको बताउनुभयो । सङ्क्रमणका कारण अधिकांश गोरु बिरामी परेकाले किसानलाई धान रोपाइँ गर्न समस्या भएको छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोटका सूचना अधिकारी पशु चिकित्सक डा बब्लु थारुका अनुसार गत असार ३१ गतेसम्म नुवाकोट र रसुवामा गरी झण्डै १३ हजार गाई, गोरु, भैंसी र चौरी लम्पी स्किन रोगबाट सङ्क्रमित भएका छन् । "रसुवाको हिमाली भेगमा लम्पी स्किनबाट चौरीसमेत मरेका खबर आएको छ", उहाँले भन्नुभयो, "रोगको अवस्थाबारे जानकारी लिन हाम्रो टोली त्यसतर्फ जाँदैछ ।" तत्कालका लागि रोग फैलिएको ठाउँमा औषधि पठाएको डा थारुले बताउनुभयो । लम्पी स्किनबाट नुवाकोटमा हालसम्म चार सय ११ पशुचौपाया मरेको उहाँको भनाइ छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| ककर्ट | : आर्थिक समस्या | मकर | : झमेला बड्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्थानीय जातका भैँसीको दूध 'ब्रान्डिङ' गर्ने तयारी

-तारानाथ आचार्य
बागलुङ, ४ साउन (रासस)

बागलुङको गलकोट नगरपालिका–९ का किसानले स्थानीय जातका भैँसीबाट उत्पादित दूधको आफ्नै ब्रान्ड बनाउने तयारी गरेका छन् । रिस्मी गाउँभरीका किसानले पालेका स्थानीय लिमे र पाराकोटे जातका भैँसीको दूध सङ्कलन केन्द्र बनाएर ब्रान्ड गर्ने तयारी गरेका हुन् ।

छुट्टै सङ्कलन केन्द्र बनाएर दूध ब्रान्ड गर्ने र प्याकिङ गरेर बजार पठाउने तयारी भएको स्थानीय अम्निधर सापकोटाले बताउनुभयो । उहाँले हेर्दा मोटाघाटा र उन्नत जस्ता देखिए पनि रिस्मी गाउँमा अहिलेसम्म स्थानीय भैँसी मात्रै पालिएका जानकारी दिनुभयो ।

घाँसको पर्याप्तताका कारण यहाँका भैँसीले धेरै दूध दिने गरेको किसानले बताएका छन् । किसानले यहाँ उत्पादित दूध दैनिक सात किलोमिटर परको हटिया बजार पठाउने गरेका छन् । रिस्मीसहित गल्याङ, काँडेबास, आँगखेत र मल्मका किसानले उत्पादन गर्ने सयौँ लिटर दूध खुला रुपमा हटियामा बिक्री भइरहेकाले अब ब्रान्ड बनाउने योजना रहेको गलकोट कृषि सहकारी संस्थाका अध्यक्ष नारायणप्रसाद सापकोटाले बताउनुभयो । "खुला दूध बिक्री गर्दा गर्मीमा फाट्ने समस्या छ । समयमा बजारसम्म दूध पुऱ्याउन नसके दूध बिग्रन्छ", उहाँले भन्नुभयो, "गाउँमै चिस्यान केन्द्र बनाएर दूधको ब्रान्ड गर्दा लामो समयसम्म नबिग्रने भएकाले गत आर्थिक वर्षमा केन्द्र निर्माण गरेका छौँ ।" चिस्यान केन्द्रका लागि गलकोट नगरपालिकाले रू नौ लाख सहयोग गरेपछि किसानले श्रमदान गरेर रू तीन लाख ८६ हजार थप रकम जुटाएका अध्यक्ष सापकोटाले बताउनुभयो । उहाँका अनुसार कूल रू १२ लाख ८६ हजारमा केन्द्रको भवन बनेको हो । यो भवन सञ्चालनमा ल्याएपछि दैनिक एक हजार लिटरसम्म दूध सङ्कलन गर्ने लक्ष्य राखिएको सापकोटाले बताउनुभयो ।

चिस्यान केन्द्रका लागि नगरपालिकाले रू आठ लाख बराबरको उपकरण खरिद गरेको जनाएको छ । पालिकाका अनुसार किसानले उक्त भवन निर्माण सम्पन्न गरेपछि खरिद गरिएका उपकरण हस्तान्तरण हुनेछ । चिस्यान केन्द्र सञ्चालनमा ल्याउने तयारी भइरहेकाले सहकारीमा आबद्ध सबै किसानलाई स्थानीय जातका भैँसी पालेर दूध उत्पादन गर्न भनिएको सहकारीका अध्यक्ष सापकोटाले बताउनुभयो । "विदेशबाट ल्याइएका गाईभैँसी भन्दा स्थानीय जातका लिमे र पाराकोटेको दूध स्वादिलो छ" उहाँले भन्नुभयो, "ब्रान्ड बनाएर बिक्री गर्न सकेमा स्थानीय किसानले उत्पादन पनि बढाउनेछन् ।" दूधको आफ्नै ब्रान्ड बनेपछि किसानले बजारमा उचित मूल्य समेत पाउने उहाँको भनाइ थियो । अहिले किसानले प्रति लिटर रू ७० मात्र पाएका छन् । बजारमा दूध प्रतिलिटर रू एक सय १० मा बिक्री भइरहेको छ। चिस्यान केन्द्र बनाएपछि दूधका अन्य परिकार समेत बनाउने लक्ष्य रहेको स्थानीय अम्निधर खरेलले बताउनुभयो । रिस्मीमा दैनिक धेरै दूध उत्पादन गर्ने किसानमा खरेल गनिन्छन् । "गाउँमा कसैले पनि गाई पालेका छैनन् । विदेशबाट भित्रकाइएका गाईभैँसी नपालेकाले उनीहरुले स्थानीयकै ब्रान्ड बनाउन चाहेको हुन्", उहाँले भन्नुभयो। "हामीले दाना खुवाएका छैनौँ, घाँसपराल खुवाउने गर्छौं । बेलाबेला चराउने गर्छौं", स्थानीय नारायण सापकोटाले भन्नुभयो, "नियमित चर्ने र घाँसपराल खाने भैँसीको दूध पोसिलो हुन्छ ।"

भेटेरिनरी तथा पशु विकास विज्ञ केन्द्र बागलुङका प्रमुख ऋषिराम सापकोटाले लिमे र पाराकोटे भैँसीको दूध पोसिलो हुने बताउनुभयो । उहाँले स्थानीय ब्रान्डको दूध उत्पादन गर्न सकेमा आयातित दूधलाई विस्थापित गर्न सकिने बताउँदै किसान स्थानीय जातको भैँसी पाल्न लाई प्रोत्साहन गरिएको जानकारी दिनुभयो । ब्रान्डका लागि परीक्षण र प्याकिङका लागि केन्द्रले प्राविधिक सहयोग गर्ने उहाँको भनाइ थियो । "यहाँ उत्पादित दूध ब्रान्ड गरेपछि केही दिन चिस्यान केन्द्रमा राख्दा बजारको माग पूरा गर्न सकिन्छ", प्रमुख सापकोटाले भन्नुभयो, "किसानले उचित मूल्य पनि पाउनेछन् ।" उहाँका अनुसार रिश्मीका मात्रै ६० जना किसानले दैनिक हटियामा दूध पुऱ्याउने गरेका छन् । स्थानीयस्तरमा चिस्यान केन्द्र बन्दा जम्मा भएको दूध गाडीमा पठाउन सकिन्छ । दूध बिक्रीका लागि दैनिक हटिया पुग्दा खर्च बढी भएको तथा बिक्री केन्द्रमा एकजना कर्मचारीको व्यवस्था गर्नु परेपछि किसानले गाउँमै चिस्यान केन्द्र बनाउन थालेका हुन् । "किसानको मेहनत देखेपछि हामीले भवन निर्माणमा सहयोग गर्‍यौँ, अब उपकरण पनि दिने योजना छ", नगरप्रमुख भरत शर्मा गैरेले भन्नुभयो, "आफ्नै ब्रान्डको दूध उत्पादन भएमा आत्मनिर्भर भएर बाहिर पनि बिक्री गर्न सकिने गरी लाग्न किसानलाई आग्रह गरेका छौँ ।" केन्द्रका अनुसार जिल्लामा एक करोड ५५ लाख लिटर दूध उत्पादन हुन्छ ।

# याक र चौँरीमै देखियो 'लम्पी स्किन'

पोखरापत्र संवाददाता
मनाङ, ४ साउन

हिमाली जिल्ला मनाङका पशुमा लम्पी स्किनको सङ्क्रमण फैलिँदै गएको छ ।

जिल्लामा पहिलो पटक असार २४ गते पशुमा सङ्क्रमण देखिएको थियो । जिल्लाका पशुमा हालसम्म लम्पी स्किनबाट दुई सय ३६ गाई, गोरु र याक सङ्क्रमित भएको भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नारायण कुसुमले जानकारी दिनुभयो । उहाँका अनुसार ८९ गाई, ९६ गोरु र ५१ याक, नाक (झोपा) र चौँरी लम्पी स्किनबाट सङ्क्रमित भएका छन् ।

"लम्पी स्किनको सङ्क्रमण फैलिँदै गएकाले नियन्त्रणका लागि भेटेरिनरी अस्पतालले खोपको व्यवस्थापन गरिरहेको छ", प्रमुख कुसुमले भन्नुभयो, "लम्पी स्किन नियन्त्रण गर्न खोप र अन्य आवश्यक सामग्री भेटेरिनरी अस्पतालले व्यवस्थापन गर्नेछ ।"

भेटेरिनरी अस्पतालले दुई हजार डोज खोप ल्याइसकेको छ नार्पाभूमि गाउँपालिकामा



बाहेक नासोँ गाउँपालिकामा ३६, चामे गाउँपालिकामा ९६ र मनाङ ङिस्याङ गाउँपालिकामा एक सय १४ पशुमा सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । चामे–२ स्थित थानचोक, मनाङ ङिस्याङको हुम्देस्थित क्युपार र नासोँ–२ को नाचे आलुबारीका पुशमा पनि सङ्क्रमणको जोखिम देखिएको छ । "सरकारबाट बजेट व्यवस्थापन गर्न समस्या भएको अवस्थामा पालिकालाई हेर्नुपर्ने भनेका थियौँ, अहिले सरकारबाट खोपको व्यवस्थापन भइसकेको छ", उहाँले भन्नुभयो, "अब पालिकाले पशुको सहायक उपचारको लागि एन्टिबायोटिक सुई (जिट, मेलोक्सीकाम र रेष्टोवल इम्युनोवुष्टर)लगायत औषधि खरिद गर्न सक्ने छ ।"

यी औषधि खरिदका लागि पालिकासँग सहकार्य गरिने प्रमुख कुसुमले उल्लेख गर्दै पशुपालक किसानको गोठमै पुगेर पशु प्राविधिकले लम्पी स्किन रोग नियन्त्रणका लागि खोप लगाउन पुग्ने गरेको जानकारी दिनुभयो ।

रोग नियन्त्रणका लागि स्थानीय तहले पशु प्राविधिकलाई खटाएको छ । पशुमा लम्पी स्किन देखिनासाथ सगोलमा रहेका पशुलाई छुट्याएर राख्न सुझाव दिइएको, पशुलाई टोक्ने लामखुट्टे र झिङ्गाबाट जोगाउन पशुपालक किसानलाई सचेत गराउन लागिएको, बिरामी परेका पशुलाई स्याहारसुसार गर्न र सङ्क्रमण नभएका पशुको नजिक नजान भनिएको र सरसफाइ गरेर मात्र अन्य वस्तुको स्याहार सुसार गर्न सुझाव दिइएको उहाँको भनाइ थियो ।

# सडकले सुगम बन्दै ताराखोला

पोखरापत्र संवाददाता
गलकोट, ४ साउन

कुनै दिन दुर्गम ठाउँका रुपमा चिनिने ताराखोला गाउँपालिका अहिले सुगममा परिणत हुन थालेको छ ।

गाउँपालिकाअन्तर्गतका दुर्गम गाउँमा फराकिला सडकमा सवारी गुड्लान भनेर कसैले सोचेको थिएन । जिल्ला सदरमुकाम बागलुङ बजारबाट ताराखोला एक दिनमा मुस्किलले पुग्न सकिन्थ्यो । स्थानीय तहपछि ताराखोलामा विस्तारै विकासको ढोका खुल्न थाल्यो । दुर्गम गाउँपालिकाका रुपमा चिनिएको ताराखोला विकासले क्रमशः सुगम बन्दै गएको छ । भौगोलिक विकटताका कारण विकासमा पछाडी परेको ताराखोला गाउँपालिकामा पहिलो पटक कालोपत्र सडक पुगेको छ ।

गाउँपालिकाको त्रिशूल चोकदेखि माझखर्क गाउँसम्म गाउँपालिकामै पहिलो पटक सडक कालोपत्र भएको छ । गाउँपालिकाको रिजालचोकमाथि रहेको त्रिशूल चोकदेखि माझखर्क हुँदै खरिखोलासम्म सडक कालोपत्र भइरहेको छ । दश किमि सडकमध्ये अहिले छ किमि सडक कालोपत्र भइसकेको छ । गाउँपालिकामा नै पहिलो पटक ताराखोला–सरपाण्डी–खरिखोला सडक कालोपत्र भएको गाउँपालिकाका अध्यक्ष हिमाल विकले बताउनुभयो । "गाउँपालिकामा पहिलो पटक कालोपत्र सडक निर्माण भएको छ, यो सुखद् क्षण हो, हाम्रो निरन्तर प्रयास र गण्डकी प्रदेश सरकारको रु २२ करोड लागतमा सडक कालोपत्र भइरहेको छ", अध्यक्ष विकले भन्नुभयो, "अब गलकोटबाट ताराखोला तर्फसमेत कालोपत्रको काम सुरु भएको छ, रिजालचोकदेखि ताराखोलाको केन्द्रतर्फ आउने शहीद मार्ग सडक आगामी वर्षमा कालोपत्रको सुरुवात हुनेछ, यी तीन सडकले ताराखोलाको विकासको ढोका खोलेका छन् ।" सडकको ट्र्याक मात्रै रहेको ताराखोला पुग्न अहिले बागलुङको काठेखोला गाउँपालिका–५ बिहुँको रिजालचोकदेखि भुस्कात हुँदै भातखानेडाँडा, बागलुङको गलकोट नगरपालिका–६ हुँदै ताराखोला गाउँ र त्रिशूल चोक हुँदै माझखर्क हुँदै खरिखोला पुग्ने तीन सडक स्तरोन्नतीसँगै कालोपत्र गर्ने गाउँपालिकाको योजना छ । त्यसमध्ये अहिले ताराखोला–सरपाण्डी–खरिखोला सडकको छ किमि सडक कालोपत्र भइसकेको छ । गलकोट हुँदै गाईघाट झरनासम्मको सकडसमेत कालोपत्रको चरणमा छ । गाउँपालिकाको पहिलो प्राथमिकताका रुपमा रहेको रिजालचोकदेखि भातखानेडाँडा हुँदै रुम फेद पुग्ने २६ किमि सडकलाई गाउँपालिकाले शहीद मार्गको नामकरण गरेको छ । उक्त सडकको भने काम अघि बढ्न सकेको छैन । ताराखोलाको माझखर्क गाउँमै कालोपत्र सडक आइपुगेपछि स्थानीय खुसी भएका छन् । ताराखोला–१ माझखर्क गाउँमै सडक कालोपत्र भएपछि विकासको महसुस भएको स्थानीय बलबहादुर रोकामगरले जानकारी दिनुभयो । गाउँपालिकामा पहिलो पटक भएको सडक कालोपत्र आफ्नै गाउँमा परेको माझखर्कका रोकामगरको भनाइ छ । उहाँले सडक कालोपत्र भइसक्दासमेत सवारीसाधनको भाडादर भने नघटेको गुनासो गर्नुभयो । पूर्वाधार विकास कार्यालयले ताराखोलाको त्रिशूल चोकदेखि सरपाण्डी हुँदै खरिखोलासम्मको सडक २०७७ मङ्सिर ४ गते रु २२ करोड ८३ लाख २० हजारमा रसुवा इलाईट जेभीसँग ठेक्का सम्झौता गरेको थियो । दुई वर्षमा सक्नेगरी भएको ठेक्का सम्झौता कोरोना महामारीका कारण केही ढिलाइ भएको थियो । विसं २०७९ मङ्सिरमा कालोपत्र सक्नुपर्ने भए पनि सडकको कार्यप्रगतिका आधारमा २०८० मङ्सिरसम्म म्याद थप गरिएको छ । उक्त सडक खण्डको छ किमि कालोपत्र भइसकेको छ भने वर्षा रोकिएपछि पुन चार किमि सडक कालोपत्र गरिनेछ । अहिले भइरहेको कालोपत्रमा पुन ः अर्को कालोपत्र थपिने पूर्वाधार विकास कार्यालयका प्राविधिक चन्द्रबहादुर पुनले जानकारी दिनुभयो ।

उहाँले बर्खा लगत्तै बाँकी रहेको चार किमि सडक कालोपत्रको काम थालिने बताउनुभयो । ताराखोला–सरपाण्डी–खरिखोला सडक कालोपत्रको जिम्मा पाएको निर्माण व्यवसायीका प्रतिनिधि देवेन्द्र लम्सालका अनुसार हालसम्म उक्त सडकको भौतिक प्रगती ७५ प्रतिशत रहेको बताउनुभयो । मौसमले साथ दिएमा आगामी मङ्सिरसम्म सबै सडक कालोपत्र गरेर हस्तान्तरण गर्ने बताउनुभयो । गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको शहीद मार्ग भने कालोपत्रका लागि सङ्घीय सरकारले ठेक्का आह्वान नगर्दा समस्या भएको छ ।

निरन्तरको प्रयास र पहलकदमीबीच ताराखोला जोड्ने दुई सडक कालोपत्र हुन थालिएको र त्यसमध्ये ताराखोलामा पहिलो पटक ताराखोला–सरपाण्डी–खरिखोला सडक कालोपत्र भएको छ। गलकोटदेखि ताराखोला आउने सडकको भने अहिले गलकोट खण्डमा मात्रै कालोपत्र भइरहेको छ ।

# बेनी–जोमसोम सडकको रुप्से झरनामा बेलिब्रिज निर्माण

रासस
म्याग्दी, ४ साउन

राष्ट्रिय गौरवको आयोजना बेनी–जोमसोम कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ स्थित रुप्से झरनामा बेलिब्रिज निर्माण गरिएपछि आजदेखि नियमित यातायात सञ्चालन भएको छ ।

उक्त सडकखण्डको स्तरोन्नतिसँगै बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत ४८ मिटर लामो बेलिब्रिज आजदेखि नियमित पूर्णरूपमा सञ्चालन भएको हो । तीन वर्षअघि विसं २०७७ साउनमा रुप्से झरनामा आएको बाढीले अस्थायी पुल र निर्माणाधीन पक्की पुल एकसाथ बगाएको थियो । पुल बगाएपछि बर्खायाममा सवारीसाधन आवतजावत गर्न निकै समस्या हुने गरेको थियो ।

बेलिब्रिज निर्माणसहित दुई सय ५० मिटर सडक स्तरोन्नति गर्न बेनी–जोमसोम कोरला सडक आयोजनाले मुक्तिनाथ निर्माण सेवासँग एक वर्षमा निर्माण सक्ने गरी गत पुसमा रु तीन करोड ५९ लाखमा ठेक्का सम्झौता गरेको थियो । ठेक्काको सम्झौता समय एक वर्षको भए पनि निर्माण कम्पनीले करिब ८० प्रतिशत काम छ महिनामै सम्पन्न गरेको बेनी–जोमसोम कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले बताउनुभयो । बेलिब्रिज जडानको काम तीन महिनामा सम्पन्न भएको छ । पुल संरक्षणका लागि वारिपारि आवश्यक संरचना निर्माण गरिएकाले रुप्समा बाढी आए पनि



पुल सुरक्षित हुने आयोजना प्रमुख प्रजापतिले बताउनुभयो । उहाँले भन्नुभयो, "झरनाको वारिपारिको सडक फराकिलो बनाएर ढुङ्गाको सोलिङ गरिएको छ । अघिल्लो वर्षजस्तो सडक हिलो र माथिबाट ढुङ्गा र पहिरो खस्ने जोखिम कम भएको छ । अब रुप्से खण्डमा सडक सहज भएको छ ।"

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा काली गण्डकीमा पक्की पक्की पुल निर्माण भएसँगै उपयोगविहीन भएको ४८ मिटर लामो बेलिब्रिजलाई रुप्सेमा स्थानान्तरण गरिएको उहाँले बताउनुभयो । पुलमाथि गाडी गुडाएर प्रेसर (चाप) नाप्ने कामसमेत भएकाले एकपटकमा १७ टनभन्दा माथिका मालवाहक सवारीलाई भने आउजाउमा रोक लगाइएको उहाँले बताउनुभयो ।

बेलिब्रिज निर्माणका लागि दुवैतर्फ ग्याबियन पर्खाल र आर सिसी पर्खाल निर्माण गरिएको आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले बताउनुभयो । उहाँले भन्नुभयो, "बेलिब्रिज निर्माण सकिएको छ । बर्खायाममा रुप्सेमा बाढी आउँदा सवारीसाधन आवतजावतमा समस्या हुने गरेको थियो । बेलिब्रिज निर्माण भएसँगै यो समस्या हटेको छ । यातायातका साधनलाई सहज हुने भएको छ ।" पक्की पुल निर्माणको क्रममा रहेको रुप्सेमा बाढीले तहसनहस बनाएपछि डिजाइन परिवर्तन गरेपछि बेलिब्रिज बनाइएको थियो । गत आवमा म्याग्दीको सदरमुकाम बेनीबाट पर्वतको जलजला गाउँपालिका–२ र ३ नं वडा बगरफाँटको बस्तीलाई जोड्ने र अन्नपूर्ण गाउँपालिका–२ मा पर्ने भुरुङखोलामा बेलिब्रिज जडान गरिएको थियो । लगातारको वर्षा, भिरालो जमिन, भूमिगत पानी, कमजोर भू–बनावट, कालीगण्डकी नदीको कटानले छियाछिया पारेको सडकमा माथिबाट ढुङ्गा खस्ने भएकाले साउन, भदौ र असोज महिनामा यात्रु र पैदलयात्रीलाई निकै सास्ती हुने गरेको छ ।

विभिन्न ठाउँमा नदी कटान र पहिरोले क्षति पुगेपछि स्थानीयवासी तथा पर्यटकले ज्यानै जोखिममा पारेर यात्रा गर्नुपरेको छ । भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत विष्फोटक पदार्थको प्रयोगका कारण पहिराको जोखिम अत्यधिक रहेको छ ।

# ग्रामीण सडकमा हेरालु परिचालन

पोखरापत्र संवाददाता
गोरखा, ४ साउन

गोरखाको आरुघाट गाउँपालिकाले बर्खायामको समयमा पालिकाभित्रका मुख्य–मुख्य ग्रामीण सडक मर्मतसम्हारका साथै सडक सञ्चालन राख्न सडक हेरालु परिचालन गरेको छ ।

गाउँपालिकाले पालिकाभित्र १५ सडक हेरालु नियुक्त गरी परिचालन गरेको छ । गाउँपालिकाका अध्यक्ष राजु गुरुङका अनुसार छनोटमा परेका सडक हेरालुलाई तालिमसमेत प्रदान गरिएको छ । बर्खामा सडकमा बग्ने भल तथा स–साना पहिरा समयमा नै हटाउन तथा सडक सरसफाइ गर्न सडक हेरालु नियुक्त गरी परिचालन गरेको उहाँको भनाइ छ ।

सडक हेरालुमार्फत भल तथा पहिरा व्यवस्थापन गरी मुख्य–मुख्य ग्रामीण सडक तत्काल मर्मतसम्भार गर्नसके निर्माण भइसकेका सडकमा क्षति न्यून गर्न सकिने अध्यक्ष गुरुङले बताउनुभयो । नियुक्त भएका सडक हेरालुले गाउँपालिका, वडा कार्यालय र वडाको प्राविधिकको निगरानी तथा निर्देशनमा वडाभित्रमा मुख्य–मुख्य सडकमा नियमित यातायात सञ्चालन गर्ने गरी काम गर्ने छन् । नाला सरसफाइ गर्ने, खाल्डाखुल्डी पुर्ने, भल कटाउने, सडकमा पानी बग्न नदिने, झाँडी तथा झारपात हटाउने, सडक अतिक्रमणबाट जोगाउनेलगायत काम गर्नेछन् । सानातिना भल पानी र पहिराले भत्काएका सडक समयमा मर्मत गर्न नसक्दा सडकमा धेरै क्षति हुने गरेको छ । यसबाट लामो समयसम्म सडक अवरुद्ध हुन्छ ।

"सडक हेरालुलाई सडक मर्मतसम्भारमा प्रयोग हुने सामग्री गाडा, बेल्चा, गैँची, कोदाली, घन, जाबेल, कराइ, टेपलगायतका आवश्यक सामग्री गाउँपालिकाले उपलब्ध गराएको छ", अध्यक्ष गुरुङले भन्नुभयो ।

# विश्व आदिवासी दिवस मनाइने

रासस
काठमाडौं, ४ साउन

उनान्तीसौँ विश्व आदिवासी दिवस यही साउन २४ गते मनाइने भएको छ । नेपाल आदिवासी जनजाति महासङ्घले हरेक वर्ष अगष्ट ९ का दिन मनाउँदै आएको उक्त दिवस यसवर्ष पनि मनाउने निर्णय गरिएको महासङ्घका वरिष्ठ उपाध्यक्ष बुद्ध घर्तीले जानकारी दिनुभयो। महासङ्घको बैठकले उक्त दिवसका लागि केन्द्रीय अध्यक्ष गेल्जे लामाशेर्पाको संयोजकत्वमा सचिवालयका पदाधिकारी सदस्य रहने गरी मूलसमारोह समितिसमेत गठन गरेको छ । बैठकले उक्त दिवसका अवसरमा काठमाडौंमा आयोजना गरिने मूल समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई आमन्त्रण गर्ने निर्णय गरेको छ । सो दिवसमा अवसरमा विभिन्न जातीय समुदायको झाँकी तथा र्‍याली प्रदर्शन गरिने, फुड फेस्टिभल आयोजना गरिने एवं विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने बताइएको छ । त्यस अवसरमा अन्य विभिन्न जातीय सङ्घ संस्थासँग मिलेर साताव्यापी विभिन्न कार्यक्रम गरिनेसमेत महासङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घले अगष्ट ९ लाई विश्व आदिवासी दिवसका रुपमा मनाउने घोषणा गरेपछि सन् १९९४ देखि हरेक वर्ष विश्वका आदिवासीले यो दिवस मनाउन थालेका हुन् ।